# देवकोटा सन्देश

महाकवि देवकोटा क्याम्पस, सुनवल, नवलपरासी

A QAA Accredited institution by UGC, Nepal

■ वर्ष : ७ ■ अंक: १२ ■ २०७७ माघ ■ **अर्धवार्षिक बुलेटिन**



## सम्पादन समिति

संरक्षक
**कृष्णप्रसाद लामिछाने**
(अध्यक्ष क्याम्पस संचालक समिति)

सल्लाहकार
**मा. सांसद देवेन्द्रराज कंडेल**
**मा. विधायक बैजनाथ चौधरी**
**नगरप्रमुख, भिमबहादुर थापा**
**विष्णुप्रसाद पौडेल**
**अर्जुनकुमार पोखरेल**
**उमानाथ पोखरेल**
**बोधराज घिमिरे**

क्याम्पसप्रमुख
**नारायण प्रसाद ढकाल**

सम्पादक
**हरिदत्त शर्मा**

सह-सम्पादक
**प्रकाश जि.सी.**

प्रकाशक
**महाकवि देवकोटा क्याम्पस**
सुनवल-४, नवलपरासी
फोन: ०७८-५७००४९, ९८५७०४६०४९

पत्राचार ठेगाना
**महाकवि देवकोटा क्याम्पस**
सुनवल-४, नवलपरासी
फोन: ०७८-५७००४९
Email: mdcampus60@gmail.com
info@mdc.edu.np
website:www.mdc.edu.np

मुद्रण/ले-आउट
**पर्फेक्ट प्रिन्ट**
बुटवल, रुपन्देही
मो. ९८४७१३७०९५
Perfectprintlink@gmail.com





# दशौं क्याम्पस सभा तथा छैठौं अधिवेशन सम्पन्न

मिति २०७७/०९/२२ गते बुधबारका दिन महाकवि देवकोटा क्याम्पसको आयोजनामा यसै क्याम्पसको सभा हलमा क्याम्पसको दशौं क्याम्पस सभा तथा छैठौं अधिवेशन सम्पन्न भएको छ । महाकवि देवकोटा क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको अध्यक्षता, सुनवल नगरपालिकाका नगरप्रमुख ,महाकवि देवकोटा क्याम्पस संचालक समितिका सदस्य एवम् क्याम्पस संरक्षक भिमबहादुर थापाको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त सभामा सुनवल नगरपालिकाका नगर उपप्रमुख एवम् क्याम्पस आजीवन सदस्य दधिराम अर्याल विशिष्ट अतिथि रहनु भएको थियो । क्याम्पस संचालक समितिका संस्थापक अध्यक्ष एवम् क्याम्पस संरक्षक थानप्रसाद गैरे , क्याम्पस संचालक समितिका निवर्तमान अध्यक्ष एवम् क्याम्पस संरक्षक विष्णुप्रसाद पौडेल विशेष अतिथि रहनुभएको सो सभामा उद्योग वाणिज्य संघ नवलपरासीका अध्यक्ष, क्याम्पस संचालक समिति सदस्य एवम् क्याम्पस संरक्षक केशवप्रसाद भण्डारी, सुनवल नगरपालिका वडा नं.४ का वडाध्यक्ष एवम् क्याम्पस संचालक समिति सदस्य वीरबहादुर गुरुङ, क्याम्पस संरक्षक एवम् क्याम्पस संचालक समिति सदस्य उमानाथ पोखरेल, क्याम्पस संरक्षक एवम् क्याम्पस सल्लाहकार समिति संयोजक बोधराज घिमिरे, क्याम्पस संचालक समितिका वर्तमान एवम् पूर्व पदाधिकारीहरु, क्याम्पस सल्लाहकार समितिका वर्तमान एवम् पूर्व पदाधिकारीहरु, क्याम्पस संरक्षकहरु, क्याम्पस आजीवन सदस्यहरु, क्याम्पस भवन निर्माण उपसमितिका संयोजक एवम् पदाधिकारीहरु, क्याम्पस अक्षयकोष दाताहरु, क्याम्पस छात्रवृत्तिकोष दाताहरु, पत्रकार समाजसेवी, उद्योगपति, व्यापारी, बुद्धिजीवी, महाकवि देवकोटा क्याम्पसका शिक्षक तथा कर्मचारी गरी १५० बढीको सहभागिता रहेको थियो । उक्त सभामा क्याम्पस प्रमुख नारायणप्रसाद ढकालले क्याम्पसको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो भने सभाका अध्यक्ष लामिछानेले अध्यक्षको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । शुभकामना मन्तव्यको क्रममा वडाध्यक्ष गुरुङले आफूहरुले निकै दुःख सहेर क्याम्पसको स्थापना गरेको र हाल क्याम्पसले प्रगति गरेको देख्दा आफूलाई निकै खुशी लागेको विचार व्यक्त गर्नुभयो ।

■ बाँकी पृष्ठ ४ मा

# बिदाइ तथा शुभकामना कार्यक्रम सम्पन्न



मिति २०७७/१०/०२ गते शुक्रबारका दिन महाकवि देवकोटा क्याम्पसको आयोजनामा यसै क्याम्पसको सभाहलमा स्नातक तह चौथो वर्षको अन्तिम परीक्षा दिएर बस्नुभएका विद्यार्थीहरुलाई लक्षित गरी बिदाइ तथा शुभकामना कार्यक्रम सम्पन्न भएको छ ।

महाकवि देवकोटा क्याम्पसका क्याम्पसप्रमुख नारायणप्रसाद ढकालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा महाकवि देवकोटा क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछाने प्रमुख अतिथि रहनु भएको थियो । सो कार्यक्रममा महाकवि देवकोटा क्याम्पसका सहायक क्याम्पसप्रमुख प्रकाश जि.सी., व्यवस्थापन संकाय प्रमुख भिमलाल ढकाल, शिक्षा तथा मानविकी संकाय प्रमुख बबिन शर्मा सापकोटा, महाकवि देवकोटा क्याम्पसका शिक्षक तथा कर्मचारी साथै यसै क्याम्पसको स्नातक तह व्यवस्थापन संकाय र शिक्षाशास्त्र संकायको चौथो वर्षको अन्तिम परीक्षा दिएर बस्नुभएका सम्पूर्ण विद्यार्थीहरु गरी ९० बढीको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा आफ्नो अनुभव मन्तव्य व्यक्त गर्दै स्नातक तह शिक्षाशास्त्र संकाय चौथो वर्षकी छात्रा निरुता गैरेले क्याम्पसबाट प्राप्त गरेको शिक्षालाई जीवनमा उपयोग गर्दै क्याम्पसको र यस क्याम्पसमा प्रध्यापनरत सम्पूर्ण शिक्षक शिक्षिका ज्यूहरुको नाम सदैब स्मरण योग्य बनाउने भन्दै आफूहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्नुहुने सम्पूर्णलाई धन्यवाद व्यक्त गरिन् । अनुभव मन्तव्यकै क्रममा व्यवस्थापन संकाय स्नातक तहको चौथो वर्षकी छात्रा बबिता बस्यालले क्याम्पसले दिएको शिक्षाकै कारण आफू व्यवसायिकतातर्फ लम्केको विचार व्यक्त गरिन् ।

बिदाइ तथा शुभकामना मन्तव्यका क्रममा शिक्षा तथा मानविकी संकाय प्रमुख बबिन शर्मा सापकोटाले शिक्षकहरुले देखाएको बाटो अनुसरण गरेर राम्रो नतिजा ल्याउन सफल भएकोमा सम्पूर्ण विद्यार्थीलाई धन्यवाद दिनुभयो । शुभकामना मन्तव्यकै क्रममा व्यवस्थापन संकाय प्रमुख भिमलाल ढकालले हाम्रा विद्यार्थीहरु यो क्षेत्रकै अब्बल विद्यार्थीका रुपमा परिचित हुनुपर्ने विचार व्यक्त गर्नु भयो । शुभकामना मन्तव्यकै क्रममा प्रमुख अतिथि महाकवि देवकोटा क्याम्पस संचालक समितिका अध्यक्ष लामिछानेले विद्यार्थी र शिक्षकहरुको मेहनतकै कारणले यो क्याम्पसले दिनानुदिन प्रगति गर्दै गइरहेकोमा सम्बद्ध सम्पूर्णलाई धन्यवाद दिनुभयो साथै उहाँले यस क्याम्पसका शिक्षक, विद्यार्थी, संचालक, सल्लाहकार साथै सम्बद्ध सबैको साथ र सहयोगकै कारणले क्याम्पसले अन्तराष्ट्रिय गुणस्तर QAA प्राप्त गर्न सफल भएको विचार व्यक्त गर्नुभयो । उक्त अवसरमा चौंथो वर्षका सम्पूर्ण विद्यार्थीहरुलाई प्रमुख अतिथिद्वारा मायाको चिनो, कलम, डायरी साथै क्याम्पस बुलेटिन प्रदान गर्नुभएको थियो भने सभाध्यक्षद्वारा टीका प्रदान गरिएको थियो ।

समापन मन्तव्यको क्रममा सभाध्यक्ष क्याम्पसप्रमुख ढकालले उपस्थित सम्पूर्ण महानुभावलाई धन्यवाद दिँदै क्याम्पसले गरेको प्रगतिमा सबैको साथ र सहयोग रहेकै कारणले क्याम्पसले चौतर्फी विकास गरेको विचार व्यक्त गर्नुभयो । उक्त कार्यक्रममा शिक्षिका सुलोचना अर्यालको संचालन र पवित्रा पौडेलको स्वागत मन्तव्य रहेको थियो ।

■■

# क्वारेन्टिन निर्माण

मिति २०७७/०१/१९ गतेका दिन सुनवल नगरपालिकाद्वारा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) का कारणले नेपाल भित्र साथै विदेशमा रहेर विभिन्न किसिमका रोजगारी गर्दै आएका सुनवल नगरपालिका भित्र बसोबास गर्ने नगरबासीहरु विदामा वा रोजगारी गुमाएर फर्किएको खण्डमा उनीहरुबाट कोभिडको सङ्क्रमण समुदायमा फैलन नदिनको लागि १४ दिन क्वारेन्टिनमा राख्नु पर्ने भएको र सुनवल नगरपालिका भित्र पायक पर्ने ठाउँमा साधन स्रोत सम्पन्न भौतिक संरचना भएको महाकवि देवकोटा क्याम्पसमा क्वारेन्टिन सञ्चालनको लागि उपलब्ध गराईदिनुहुन भन्ने व्यहोराको पत्रअनुसार यस क्याम्पसको संचालक समितिले मिति २०७७/०१/२० मा निर्णय गरी क्याम्पसमा क्वारेन्टिन निर्माण गर्ने अनुमति दिई कोरोना भाइरस समुदायमा फैलनबाट बचाउने काम गरेको छ । यसले क्याम्पस समुदायप्रति जिम्मेबार रहेको पुष्टि हुन्छ ।

# कोरोना भाइरस सम्बन्धी जानकारी



कोरोना भइरस श्वासप्रश्वासबाट सर्ने भाइरस हो । यो भाइरस निकै द्रुत गतिमा फैलने हुनाले जोखिम बढी छ । कोरोना भइरसबाट लाग्ने रोगलाई कोभिड १९ भनी औपचारिक नाम दिइएको छ । अहिलेसम्म कोभिड १९ को उपचारका लागि कुनै औषधि निर्माण भइसकेको छैन तर सही उपाय अपनाउन सकियो भने यसको सङ्क्रमणबाट बच्न सकिन्छ ।

कोरोना भाइरसको जोखिमबाट कसरी बच्न सकिन्छ भन्ने बारे विभिन्न नयाँ उपायहरु खोजी भैरहेको छ । यदि प्रत्येक व्यक्तिले सावधानी अपनाइदिने हो भने कोरोना भाइरसको जोखिम धेरै हदसम्म कम भएर जान्छ । कोरोना भाइरसबारे जानकारी लिई यसको जोखिमबाट बच्ने उपाय अबलम्बन गर्ने हो भने हामी आफैं बच्न र अरुलाई बचाउन सक्दछौं ।

**कोरोना भाइरस कसरी सर्दछ ?**

- यो श्वासप्रश्वासबाट सर्ने भाइरस हो । एक अर्कासँग नजिकको सम्पर्कमा रहेका व्यक्तिहरुका बीच (करिब ६ फिट भित्र)
- संक्रमित व्यक्तिले खोक्दा वा हाछ्युँ गर्दा उत्पादित श्वासप्रवाहको माध्यमबाट (नजिकै बस्ने मानिसहरुका मुख वा नाकमा पुग्न सक्छ)
- दुषित सतहहरु वा वस्तुहरुसँगको सम्पर्कबाट
- कुनै व्यक्तिले भाइरस भएको सतह वा वस्तुलाई छोएर आफ्नो मुख,नाक वा आँखामा लग्यो भने पनि यो भाइरस फैलन्छ ।

| **लक्षणहरु** | **सम्भावित जटिलताहरु** |
|---|---|
| टाउको दुख्ने | उच्च ज्वरो |
| नाकबाट सिँगान बग्ने | श्वासप्रश्वासमा समस्या |
| खोकी लाग्ने/घाँटी दुख्ने | निमोनिया |
| मांशपेशी दुख्ने | भित्रि रक्तश्राव |
| झाडा पखाला लाग्ने | मृत्युको सम्भावना |
| **ज्वरो १००.४˚ भन्दा माथि** | |

कोरोना पहिचान हुन नै करिब चौध दिन (२ हप्ता) कुर्नु पर्ने र यस अघि नै कोरोना मानिसमा सरिसक्ने भएकाले यसको जोखिम बढेको हो । लक्षण भएका मानिसहरु सबैभन्दा सङ्क्रमित मानिन्छन् । लक्षण देखिनु अघि पनि सङ्क्रमण फैलने सम्भावना हुन्छ । यो भाइरस भौगोलिक क्षेत्र वा समुदायमा सजिलै र दिगो रुपमा फैलिएको देखिन्छ ।

**बच्ने उपायहरु**

- कुनै व्यक्ति वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने
- अनावश्यक रुपमा बाहिर र भिडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने
- कुनै पनि व्यक्तिसँग ६ फिटको दुरी कायम गर्ने ।
- जङ्गली तथा घरपालुवा पशुपंछिसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य मासु नखाने ।
- ज्वरो, रुघा खोकी तथा श्वासप्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- मास्क लगाएर मात्र घरबाट बाहिर निस्कने
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइ राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**कोरोनाको उच्च जोखिम**

श्वासप्रश्वास सम्बन्धी रोग भएका वृद्धवृद्धा र डायबेटिज र उच्च रक्तचाप भएका व्यक्तिहरु र बच्चाहरुमा यसको जोखिम उच्च हुने बताइएको छ ।

**कोरोना भाइरसको उपचार**

आजको मितिसम्म कोरोना भाइरसबाट बच्ने वा उपचारका लागि कुनै औषधि पत्ता लागिसकेको छैन तर सही उपाय अपनाउन सकियो भने यसको संक्रमणबाट बच्न सकिन्छ । सङ्क्रमितमा देखिएको लक्षण अनुसारको औषधि उपचार गरी स्याहार गर्नु पर्छ ।

**कसरी सुरक्षित रहने ?**

- बेलाबेलामा साबुन पानीले मिचिमिचि हात धोएमा कोरोना भाइरसको जोखिम कम हुन्छ । हात धुँदा औंलाको बीचमा, हातको अगाडि, पछाडि र नङलाई पनि राम्ररी धुनु पर्दछ ।
- भुइँ वा सतह फोहोर छ भने साबुन वा सर्फ पानीले भुइँलाई राम्ररी सफा गर्ने ।
- खोक्दा वा हाछ्युँ गर्दा नाक र मुख हात वा टिस्यु वा कुहिनोले छोप्ने, प्रयोग गरेको टिस्यु तुरुन्त फोहोर फाल्ने ठाउँमा फाल्ने र साबुन पानीले हात धुने ।
- रुघा खोकी लागेको व्यक्तिबाट टाढा बस्ने ।
- गेडा गुडी, माछा मासु अण्डा राम्रोसँग पकाएर खाने ।
- मास्कको प्रयोग गर्ने ।
- रोग प्रतिरोधात्मक क्षमता बढाउन योग,व्यायम गर्ने र पोषिलो खानेकुराहरु खाने ।

## दशौं क्याम्पस सभा...

क्याम्पसमा आफ्नी छोरीले BBA अध्ययन गरिरहेको हुनाले क्याम्पसको शैक्षिक गुणस्तरको बारेमा आफू निकै जानकार रहेको भन्दै क्याम्पसको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो । शुभकामना मन्तव्यकै क्रममा क्याम्पस संरक्षक भण्डारीले उद्योग वाणिज्य संघको तर्फबाट क्याम्पसलाई आवश्यक पर्ने जस्तोसुकै सहयोग पनि गर्ने वचनबद्धता व्यक्त गर्नुभयो । शुभकामना मन्तव्यकै क्रममा विशेष अतिथि क्याम्पस संरक्षक पौडेलले आफू विगत १५ वर्षदेखि क्याम्पसमा निरन्तर रुपमा संलग्न रहेको जसको कारणले क्याम्पसका हरेक विकास निर्माणदेखि शैक्षिक गतिविधिहरुको बारेमा जानकार भएको कुरा उल्लेख गर्दै क्याम्पसले विगत ३ वर्ष यता निकै ठूलो फड्को मारेको विचार व्यक्त गर्नुभयो । सभामा शुभकामना मन्तव्यकै क्रममा क्याम्पस संचालक समितिका संस्थापक अध्यक्ष गैरेले आफूले स्थापना गरेको क्याम्पसले यसरी देशभरि नै नाम कमाएको सुन्न पाउँदा निकै खुशी लागेको भन्दै क्याम्पसलाई आवश्यक परेको बेलामा आफू अन्य कार्यक्रमहरु छोडेर उपस्थित भएको र अबका दिनमा पनि क्याम्पसलाई उच्च प्राथमिकताका साथ हेर्ने साथै क्याम्पसलाई आवस्यक पर्ने जस्तोसुकै सहयोग गर्न पछाडि नपर्ने विचार व्यक्त गर्नुभयो । शुभकामना मन्तव्यकै क्रममा विशिष्ट अतिथि नगर उपप्रमुख अर्यालले क्याम्पसले भोगचलन गर्दै आएको जग्गाको विषयमा विभिन्न समय र परि स्थितिमा कुरा उठाएको र त्यस्तो नीति तथा कार्यक्रम आएको खण्डमा नगरपालिकाले उक्त जग्गा क्याम्पसलाई उपलब्ध गराउन कुनै कसर नराख्ने विचार व्यक्त गर्नुहुँदै क्याम्पस संचालक समितिको कुशल नेतृत्वकै कारणले क्याम्पस नेपालमै चिनिएको र अब यसलाई नमुना क्याम्पसको रुपमा विकास गर्न नगरपालिकाले जस्तो सुकै सहयोग गर्न पनि तयार रहेको विचार व्यक्त गर्नुभयो । शुभकामना मन्तव्यकै क्रममा सुनवल नगरपालिकाका नगरप्रमुख, सभाका प्रमुख अतिथि थापाले सुनवल नगरपालिकाले शिक्षालाई भविष्यसँग, सीपसँग, व्यवहारसँग, प्रविधिसँग जोडेर अगाडि ल्याउनुपर्छ भन्दै सोही अनुरुप नीति तथा कार्यक्रम अगाडि बढाइ रहेको हुनाले देवकोटा क्याम्पसको शिक्षा पनि सोही अनुसारको हुनुपर्ने विचार व्यक्त गर्नुभयो । साथै उहाँले नेपालका ठूला ठूला उद्योगमा देवकोटामा पढेका विद्यार्थीहरुलाई बोलाउन आउने वातावरण तयार पार्न सम्बद्ध पक्षलाई आग्रह गर्नुभयो । ५ वर्षमा सुनवललाई शिक्षाको हब बनाउने आफ्नो योजना रहेको कुरा उल्लेख गर्दै सुनवल नगरपालिकामा अनेकौं सम्भावना भएको जसको लागि शिक्षाको निकै महत्वपूर्ण भूमिका रहेको विचार राख्नु भयो । देवकोटा क्याम्पसबाट उत्तीर्ण भएका विद्यार्थीहरु कम्प्यूटर शिक्षा, भाषा र प्रविधिमा दक्ष हुनुपर्ने भन्दै प्रमुख अतिथि थापाले जसको लागि नगरपालिकाले Banking Training, Computer Training, सीप विकास तालिम जस्ता कार्यक्रम संचालन गर्न सहयोग गर्ने विचार व्यक्त गर्नुभयो । सुनवललाई पर्यटकीय, धार्मिक, कृषि र शिक्षाको क्षेत्रमा नमुना नगर बनाउने कार्यको लागि यस क्याम्पसको पनि महत्वपूर्ण योगदान रहने विचार राख्दै प्रमुख अतिथि थापाले सुनवलबाट कोही पनि विदेश जान नपरोस् जानैपरेमा प्रविधिको काम गर्न जाऊन् कोही पनि मजदुरको रुपमा नजाऊन् भन्दै यो क्याम्पसलाई सुनवल नगरपालिकाको शिक्षाको अभिभावक संस्था बनाउने आफूहरुको योजना रहेको तर्फ संकेत गर्दै क्याम्पसका हरेक अफ्ठ्यारा परिस्थितिमा नगरपालिका र आफूले सधैं साथ र सहयोग गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो । सो सभाले आगामी ३ वर्षको लागि वर्तमान संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेलाई सर्वसहमतिबाट पुनः अध्यक्षको लागि नाम सिफारिस गरेको थियो भने सभाले लेखा परिक्षण प्रतिवेदन, वार्षिक प्रतिवेदन, क्याम्पसको आगामी बर्षको कार्यक्रम तथा बजेट, निर्णय पुस्तिका प्रमाणित गर्न क्याम्पस सभाबाट दुई जना व्यक्ति तोक्ने, चालु आर्थिक बर्षको लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने, विधान संसोधन गर्ने प्रस्तावहरु सर्वसहमतिबाट पारित गरेको थियो । समापन मन्तव्यका क्रममा सभाध्यक्ष लामिछानेले सभामा उपस्थित भएर महत्वपूर्ण सुझाव दिँदै गहन निर्णयहरु सर्वसहमतिद्वारा पारित गर्नु भएकोमा उपस्थित सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि यहाँहरुको यस्तै सकारात्मक र रचनात्मक सहयोगको अपेक्षा गर्दछौं भन्ने विचार व्यक्त गर्नुभयो । सो सभामा क्याम्पस संचालक समितिका सदस्य एवम् क्याम्पस आजीवन सदस्य विमला अर्यालको स्वागत मन्तव्य र शिक्षक हरिदत्त शर्माको संचालन रहेको थियो ।

■■

